**उद्योग, कृषि तथा सहकारी मन्त्रालय**
**कोशी प्रदेश, विराटनगर**

**कृषि कर्जामा ब्याज अनुदान उपलब्ध गराउने कार्यक्रममा ईच्छुक बैंक/बित्तिय संस्था/सहकारीहरूलाई प्रस्ताव पेश गर्न म्याद थप गरेको सूचना**

**दोस्रो पटक प्रकाशित मिति २०८३/०५/०५**

यस मन्त्रालयको चालू आ.व. २०८३/८४ को स्वीकृत कार्यक्रम अनुसार बैंक/वित्तिय संस्था/सहकारी संस्था मार्फत प्रवाह हुने कृषि कर्जामा ब्याज अनुदान कार्यक्रम संचालनका लागि कोशी प्रदेश कृषि कर्जामा ब्याज अनुदान व्यवस्थापन (पहिलो संसोधन) कार्यविधि, २०८३ अनुसार मिति २०८३/०४/२१ गतेको गोरखापत्रमा प्रकाशन भएको १५ दिने सूचनाको म्याद सात दिन थप गरी यो सूचना प्रकाशन गरिएको छ। यस कार्यक्रम अन्तर्गत कृषि उद्यमीलाई कृषि कर्जा उपलब्ध गराई कार्यविधि अनुसार ब्याज अनुदान उपलब्ध गराउन कोशी प्रदेशमा कार्यरत ईच्छुक बैंक/बित्तिय संस्था/सहकारी संस्थालाई कार्यविधिको अनुसूची-२ बमोजिमको ढाँचामा यो सूचना प्रकाशन भएको मितिले ७ दिन (मिति २०८३/०५/११ गते) कार्यालय समयभित्र यस मन्त्रालयमा प्रस्ताव पेश गर्न आव्हान गरिन्छ। बैंक/बित्तिय संस्थाहरुको हकमा प्रादेशिक कार्यालयले प्रस्ताव पेश गर्नुपर्नेछ। कार्यक्रम सम्बन्धी कार्यविधि, अन्य जानकारी र आवश्यक फारमहरु यस मन्त्रालयको वेभ साइट http://moiac.koshi.gov.np/ बाट डाउनलोड गर्न सकिनेछ। थप जानकारीका लागि यस मन्त्रालयका पशु चिकित्सक डा. देव कुमार दर्लामी सम्पर्क नं 9851313111 र कृषि अर्थ विज्ञ शर्वरी भट्टराई सम्पर्क नं 9862656699 लाई सम्पर्क गर्न सकिनेछ।